गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

**गण्डकीप्रदेश, नेपाल**

**प.सं. २०७७/०७८**

**च.नं.**

**कृषि तथा पशुपालन फार्म स्थापना तथा विस्तार लगानीमा ब्याज अनुदान कार्यक्रम प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/७/२५

गलकोट नगरपालिका कृषि/पशु सेवा शाखाको आ.व २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम मुताविक "कृषि/पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७" बमोजिम मिति २०७७/७/२२ को कृषि तथा पशुसेवा कार्यक्रम निर्देशक समितिको निर्णयवाट ऋण लगानीकर्ता सहकारी छनौट भै मिति २०७७/७/२५ मा गलकोट नगर कार्यपालिका र सहकारी संस्था विच ब्याज अनुदानमा ऋण लगानी सम्वन्धि सम्झौता सम्पन्न भएकोले ब्याज अनुदानमा ऋण प्राप्त गरि कृषि तथा पशुपालन फार्म विकास तथा विस्तार गर्न ईच्छुक कृषकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जनकारी गराइन्छ ।

थप जानकारीका लागि कृषि/पशु सेवा केन्द्रहरु पाण्डवखानी, काँडेवास, नरेठाँटी, हरिचौर वा कृषि तथा पशुसेवा शाखा गल्कोट नगरपालिका वा सयपत्री सहकारी संस्था गनपा ४ मा सम्पर्क राख्न सकिनेछ ।

| क्र.स | कार्यक्रमको नाम | प्रति कृषक न्यूनतम ऋण लागनी रकम | प्रति कृषक अधिकतम ऋण लागनी रकम | कुल ऋण लगानी | प्रस्ताव पेश गर्ने सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन फार्म स्थापना तथा विस्तार लगानीमा ब्याज अनुदान कार्यक्रम | २०००००/-<br>(दुई लाख) | ५०००००/-<br>(पाँच लाख) | ३००००००/-<br>(तिन करोड) | कृषि, पशुपंक्षी तथा मत्स्य फार्म स्थापना तथा विस्तार गर्न ईच्छुक कृषक ।<br>ऋण स्विकृत भएमा ऋण प्राप्त गर्नु पूर्व फार्म दर्ता र सहकारी सदस्यता लिनु पर्ने । |

१ ऋण लगानी गर्ने संस्था : श्री सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लि. ग.न.पा. ४
२ कुल ब्याजदर : १०.८ प्रतिशत
३ अनुदानवाट ब्यहोरीने ब्याजदर : ७.८ प्रतिशत
४ कृषकले तिर्नुपर्ने ब्याजदर : ३ प्रतिशत
५ ऋण भुक्तानी अवधि : १८ महिना

**प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरु:**

क) अनुसुची २ बमोजिमको निवेदन र अनुसुची ३ बमोजिमको परियोजना प्रस्ताव,

ख) नगारिकताको प्रतिलिपि,

ग) कृषक वर्गिकरण परिचय पत्र,

घ) परियोजना स्थलको जग्गाधनि प्रमाण पुर्जा को प्रतिलिपि । जग्गा आफ्नै नाममा दर्ता नरहेकोमा कम्तिमा ५ बर्षको करारपत्र समेत । परियोजना स्थल न्यूनतम २ रोपनी हुनु पर्नेछ ।

ङ) कार्यक्रम सहभागिताको लागीं सम्वन्धित वडाको सिफारिस पत्र ।